Page_6kp.qxd 8/14/2008 9:13 PM Page 1

बहुमतीय राजनीति

माओवादी, एमाले र मधेसी जनअधिकार फोरमबीच सहमति भएपछि सरकारविहीनताको अवस्था अन्त्य हुने भएको छ । एमाले र फोरमले बिहीबार माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा राष्ट्रिय सहमतिको आधारमा सरकार गठन गर्न सहमति जनाएपछि सरकार गठनसम्बन्धी अन्योल हटेको हो । संविधानसभाको निर्वाचनपछिको झन्डै पाँच महिनाको अवधिसम्म पनि सरकार बन्न नसक्दा आमजनतामा नैरास्यता छाएको थियो । तीन दलको गठबन्धनले नयाँ सरकार दिने घोषणासँगै नैरास्यतालाई हटाउने आपेक्षा बढेको छ ।

सँगै दोस्रो ठूलो राजनीतिक शक्ति कांग्रेसले प्रधानमन्त्रीमा आफ्नै उम्मेदवारी दिएपछि राष्ट्रिय सरकार बन्ने सम्भावना टरेको छ । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको उम्मेदवारी दर्ता गराउनुले कांग्रेस नयाँ सरकारमा सामेल नहुने स्पष्ट भएको छ । दलहरूले बहुमतको आधारमा प्रधानमन्त्री छान्ने प्रक्रियाको सुरुवात गरेका छन् । एउटा प्रजातान्त्रिक शक्ति सरकारमा सहभागी नहुनुले आगामी दिन सहज नभएको स्पष्ट संकेत गर्छ ।

राष्ट्रपति र उपराष्ट्रपतिको चुनावका बेला जुन बहुमतीय राजनीतिक खेल भएको थियो । त्यो प्रधानमन्त्री चयनमा नदोहोरिने अपेक्षा गरिएको थियो । प्रधानमन्त्रीको चयनमा पनि दलबीच नयाँ गठबन्धनसहित बहुमतीय पद्धतिमै मुलुकको राजनीति फर्केको छ । लोकतन्त्र बहाली, संविधानसभाको निर्वाचन र गणतन्त्रको घोषणासम्म सहयात्रामा रहेको कांग्रेस सरकारबाट बाहिर बस्ने स्थितिको सिर्जना हुनुले आगामी दिन कम चुनौतीपूर्ण नरहेको देखाउँछ । सरकार गठनपछि संविधान निर्माणको प्रक्रियाले गति पाउने अपेक्षा पनि राखिएको छ । ठूला दलहरूबीच सरकार गठनको विषयले प्रमुखता पाउँदा संविधानसभाको मूल कार्य संविधान लेखन प्रक्रिया अझै सुरु हुन सकेको छैन । आमजनताले यसै विषयलाई लिएर प्रश्न उठाइरहेको बेला सरकार गठनका लागि देखिएको अग्रसरताले यसमा अपेक्षाकृत प्रगति हुने आशा गर्न सकिन्छ ।

अझ रक्षा मन्त्रालय नदिएकै कारण दोस्रो ठूलो राजनीतिक दल सरकारबाट बाहिरिनु भनेको अर्को उदेकलाग्दो विषय बनेको छ । शान्ति प्रक्रियाले निश्चित टुङ्गो लागिसकेको छैन, विद्रोही सेनाको व्यवस्थापन गर्ने सम्बन्धमा कार्ययोजना बनेको छैन । मूल विषयको रूपमा रहेको संविधान लेखन कार्यको थालनी भएकै छैन । यी विषयहरूमा राष्ट्रिय सहमतिको आवश्यकता रहन्छ । यो अवस्थामा एउटा ठूलो र लामो प्रजातान्त्रिक इतिहास बोकेको राजनीतिक दल सरकारबाहिर रहनुले यी विषयहरूमा निर्णय सहज हुनेछैन ।

संविधान लेखनका क्रममा राज्यको पुनर्संरचना, राष्ट्रिय सेनाको लोकतान्त्रीकरण र समावेशीकरणको विषयले प्रमुखता पाउने स्पष्ट छ । यी विषयहरू बहुमतीय आधारमा छिनोफानो गर्न सकिने विषयहरू होइनन् । राष्ट्रिय सहमतिको आधारमा टुङ्गयाउनुपर्ने विषयहरूमा सरकारबाहिर रहेको दललाई विश्वासमा लिनु र उनीहरूको दृष्टिकोणलाई समेट्ने विषय एउटा सबालको रूपमा सरकारसमक्ष रहनेछ । अर्कोतर्फ एउटा दलले स्पष्ट रूपमा बहुमत नल्याएको अवस्थामा दोस्रो ठूलो दल बाहिर रहँदा सरकार ढाल्ने र नयाँ सरकार गठन प्रयास जारी रहने सम्भावना उत्तिकै छ । यसले सरकारलाई मात्र कमजोर बनाउनेछैन, संविधान लेखन प्रक्रियालाई समेत अवरोध गर्नेछ । दलहरूले संविधान लेखनमा भन्दा पनि सत्तासमीकरणमा दलहरूले आफ्नो शक्ति खर्चने सम्भावना रहन्छ ।

सरकार गठनका लागि नयाँ बनेको तीनदलीय गठबन्धनसँग सके अझै पनि कांग्रेसलाई सहमत गराई राष्ट्रिय सरकारको गठन गर्ने तर त्यसो हुन नसके विपक्षीलाई समेत राष्ट्रिय मुद्दामा विश्वासमा लिने गरी सरकारको साझा नीति तथा कार्यक्रम ल्याउने तथा प्रतिपक्षीको भूमिकालाई सम्मान गर्दै उनीहरूको दृष्टिकोणलाई स्थान दिनुपर्छ । यसले सरकारलाई बलियो र टिकाउ मात्र होइन, राष्ट्रिय लक्ष्य हासिल गर्न सफल तुल्याउनेछ ।

नयाँ प्रधानमन्त्रीलाई सुझाव

लामो समयको विवाद, निराशा र कुण्ठालाई चिर्दै नेपालले आज नयाँ प्रधानमन्त्री पाउँदैछ । संविधानसभा चुनावपछि राजनीति जटिलतातर्फ नधकेलिएको भए नयाँ सरकारले आजसम्ममा झन्डै मधुमास पूरा गरिसकेको हुन्थ्यो । र, जनताले पनि मताधिकारको अवहेलना भएकामा अपमानित हुनुपर्ने थिएन । नयाँ सरकारबाट अहिलेको परिवेशमा त्यति धेरै आस गर्ने ठाउँ छैन । तर विगतमा जनताले लाजमर्दो रूपले हेर्नु र भोग्नुपरेका देहायका कुरा नदोहोऱ्याइदिएमा ठूलो सन्तोष लिने छन् । यी काम गर्न तपाईंलाई कुनै कानुन बाधक बन्दैनन् । थप साधन र स्रोत चाहिन्न । यसमा तपाईंको इच्छाशक्ति भए पुग्छ । बानी-व्यहोरा र आचरणमा शुद्धता कायम राखिदिए पुग्छ ।

नयाँ सोच र प्रतिबद्धतासाथ नयाँ नेपालको निर्माणमा समस्त नेपालीको मन जित्ने काम गर्न तपाईंलाई सफलता मिलोस् । सुधारका कुरा गर्दा तपाईंकै दल, सहयोगी दल वा मन्त्रीबाट सहयोग नपाई कुर्सी जान पनि सक्छ । तपाईं कति अवधि कुर्सीमा टिक्नुभयो त्यसको मतलब अरूलाई छैन तर तपाईंले आफ्नो कार्यकालमा मुलुकलाई के दिनुभयो त्यसको सबैलाई मतलब हुनेछ र इतिहासले त्यसको मूल्यांकन गर्नेछ ।

सुधारको प्रक्रिया

■ जनताले तपाईंलाई प्रधानमन्त्रीमा चुनेका हुन्, तपाईंको परिवारलाई होइन भन्ने हेक्का राख्नुहोस् । परिवारका सदस्यले समानान्तर शक्तिकेन्द्र खोल्लान् होसियार रहनुहोस् ।

■ कृपया प्रधानमन्त्री निवास बालुवाटारलाई पार्टी कार्यालय नबनाइदिनुहोस् । बालुवाटार र सिंहदरबार आमजनताको नासो हो परिवार र पार्टीको पेवा होइन । त्यहाँ पुग्ने नेपालीले म मेरो ठाउँमा आएको छु भनेर गर्व गर्ने वातावरण बनाइदिनुहोस् ।

■ शासनको केन्द्रविन्दु सिंहदरबारलाई बनाउनु होस् । बालुवाटारलाई समानान्तर सरकार चलाउने थलो नबनाउनु होस् ।

सरकारी साधनको सदुपयोग

■ प्रधानमन्त्री वा मन्त्री बन्नासाथ अनधिकृत रूपमा अन्य निकायका सवारी साधन जबरजस्ती खिच्ने र परिवारजन वा पार्टीजनलाई उपयोग गर्न कुनै हालतमा नदिनुहोस् ।

■ तपाईं वा तपाईंका मन्त्रीलाई राज्यले दिएको सेवा सुविधा पुगेन भने कानुन संशोधन गरी पारदर्शी ढंगले थपेर लिनुहोस् । कानुनको दायरा तोडी त्यस्तो सेवा सुविधा लिने हिम्मत नगर्नुहोस् ।

■ पार्टीका सम्मेलन, बैठक आदि सञ्चालन गर्न कुनै हालतमा सरकारी साधन र स्रोत प्रयोग नगर्नुहोस् ।

■ मातहतका वा जिल्लाका अधिकारीलाई आफ्ना अमूक नेता वा कार्यकर्ताको भ्रमण मिलाइदिन, गाडी, पेट्रोल वा डिजेल खोजिदिन, बास बस्ने र खानपिनको व्यवस्था गरिदिन अह्राउने काम गल्तीले पनि नगर्नुहोस् । सरकारी अधिकारी वा साधन राष्ट्रका हुन भन्ने हेक्का राखी पार्टी विशेषले अनधिकृत रूपमा प्रयोग गर्दा लाज लाग्ने संस्कृति निर्माणमा सहयोग गर्नुहोस् ।

■ राज्यकोषबाट नजिककालाई विभिन्न बहानामा दान, अनुदान, आर्थिक सहायता दिन तुरुन्तै बन्द गर्नुहोस् । दिनै पर्ने अवस्थाका लागि पारदर्शी नीति बनाएर दिनुहोस् । त्यस्ताको नाम र रकम सार्वजनिक गर्नुहोस् ।

■ राष्ट्रको साधन, स्रोत र अवसरलाई पार्टीगत, जातिगत, क्षेत्रगत, समुदायगत, निर्वाचन क्षेत्रगत रूपमा दुरुपयोग गरेर आमनेपालीको चित्त नदुखाउनु होस् । यस्ता विषयलाई विधिसम्मत हिसाबबाट वितरण हुने अवस्था सिर्जना गरी सबै नेपालीको मन जित्नुहोस् ।



प्रधानमन्त्रीज्यू ! बालुवाटारलाई समानान्तर सरकार चलाउने थलो नबनाउनु होस् ।

नियुक्ति, सरुवा र बढुवा

■ 'हाम्रोभन्दा राम्रो मानिस' को खोजी गर्ने संस्कार बसाउनुहोस् ।

■ कुनै पनि नियुक्तिमा दलगत भागबन्डाको संस्कार अन्त्य गर्नुहोस् । क्षमतालाई मौका दिनुहोस् ।

■ हरेक तहका राजनीतिक नियुक्तिका निम्ति पारदर्शी आधार र प्रक्रिया सार्वजनिक गर्नुहोस् । र, त्यही आधारमा नियुक्ति गर्नुहोस् ।

■ राष्ट्रसेवकका कानुनबमोजिमका नियुक्ति, सरुवा, बढुवाजस्ता नियमित कार्यमा कहीँ कतैबाट हस्तक्षेप हुन नदिनुहोस् । विधिसम्मत ढंगबाट काम गर्न निजामती, जंगी, प्रहरी, संस्थान, समिति प्रमुखलाई प्रोत्साहित गर्नुहोस् ।

■ तपाईंका नेता, कार्यकर्ताले यस्ता नियमित विषयमा हस्तक्षेप वा दबाब गरे त्यसलाई तत्काल सार्वजनिक गर्न ती निकायलाई भन्नुहोस् । गलत गर्ने कार्यकर्ता र निकायलाई जनताले थाहा पाउने गरी कारबाही गर्नुहोस् ।

मुढेबल नदेखाउनुस्

■ राज्यलाई विधिसम्मत ढंगबाट सञ्चालन हुन दिनुहोस् । हस्तक्षेपकारी नीति नलिनुहोस् । विधि ठीक नभए त्यसलाई परिवर्तन गर्नुहोस् ।

■ राष्ट्रसेवक कसैका हुन्नन् राष्ट्रका हुन्छन् भन्ने मान्यता राखी सबैलाई विश्वास गर्नुहोस् । विश्वास दिलाउनुहोस् र सबैमा समान व्यवहार गर्नुहोस् ।

■ राज्यका अंगमा दाइभाइ, जयनेपाल, लालसलाम वा अन्य त्यस्तै संस्कृति प्रवेशमा प्रतिबन्ध लगाउनुहोस् ।

■ संस्थाका प्रमुखहरू (मुख्य सचिव, सचिव, सेना र प्रहरी प्रमुख) लाई पूरै विश्वास गर्नुहोस् । जिम्मेवारी दिनुहोस् र कानुन सम्मत ढंगबाट गरेकामा समर्थन गर्दै धाप दिनुहोस् । गल्ती र कमजोरी भएमा तत्काल कारबाही गर्ने कुरा राख्नुहोस् । प्रशासन उनीहरूबाटै सञ्चालन गर्न दिनुहोस् ।

■ आफ्नो कार्यकक्षलाई कार्यकर्ता भेट्ने र उनीहरूको मात्र कुरा सुन्ने परम्परा बन्द गर्नुहोस् । मन्त्रीहरूलाई सरुवा, नियुक्ति, ठेक्कापट्टाजस्ता विषयमा चाख लिने होइन राष्ट्रका नीति निर्माणमा संलग्न हुन र विधिको शासन प्रत्याभूत गर्न लगाउनुहोस् ।

■ मन्त्रालयहरू पार्टीगत रूपमा भागबन्डामा परेपछि त्यो मन्त्रालय सो पार्टीको मात्र हो भन्ने मान्यतालाई तत्काल नियन्त्रण गर्नुहोस् । तपाईंको राजनीतिक बाध्यताले मन्त्री पद बाँडचुड भयो तर कुनै मन्त्रालय एउटा पार्टीको बिर्ता हुन सक्तैन । पार्टी विशेषले सञ्चालन गरेका मन्त्रालयमा कार्य प्रक्रियामा भिन्नता हुन नदिनुहोस् । समान प्रक्रियाबाट चल्न सकून् ।

■ आफ्नो पार्टी नजिक रहेका कर्मचारी सम्बद्ध संगठन वा कार्यकर्ताका मात्र एकतर्फी कुरा सुनेर पजनीलगायतका निर्णय गर्ने संस्कारको अन्त्य गर्नुहोस् ।

पदमुक्त हुँदा

■ सक्नु हुन्छ, भ्रष्टाचार नियन्त्रण गर्नुहोस् । सक्नु हुन्न भने आफू, परिवार र मन्त्रीले भ्रष्टाचार नगर्नुहोस् ।

■ दल सञ्चालनका नाममा हुने राजनीतिक भ्रष्टाचारलाई तत्कालै बन्द गर्नुहोस् । दल सञ्चालनलाई चाहिने स्रोत, साधन पारदर्शी ढंगबाट व्यवस्थापन हुनसक्ने व्यवस्था गर्न ध्यान दिनुहोस् ।

■ आफ्ना भ्रातृसंगठन वा कार्यकर्तालाई नाका र कार्यालयमा धम्की दिने, उठ्ती गर्ने र अरूको बदमासी लुकाउने वा संरक्षण गर्न हिस्सा माग्ने प्रवृत्तिलाई रोक्नुहोस् ।

■ भ्रष्टाचार बढी हुने ठाउँमा अर्थात् जहाँ आम्दानी हुन्छ, वा जहाँ खढी खर्च हुन्छ वा जहाँ जनसरोकारका बढी काम हुन्छन्, त्यहाँ आफू नजिककालाई पठाएर भ्रष्टाचारको संरक्षण गर्ने घातक प्रवृत्ति रोक्नुहोस् ।

■ कमिसन एजेन्टहरूको घेरामा नपर्नुहोस्, विधिसम्मत ढंगबाट चल्नुहोस् ।

विदेशीसँग

■ विदेशी भनेपछि जसलाई पनि सजिलै भेट दिने, कुरा सुन्ने विगतका तीता अनुभवलाई त्यागी दिनुस् ।

■ विदेशीसँगका सबै भेटघाटलाई परराष्ट्र मन्त्रालयमार्फत मिलाउनुहोस् । त्यस्ता सबै औपचारिक भेटमा परराष्ट्र मन्त्रालयको उपस्थिति अनिवार्य गरी भएका कुराको टिपोट गर्ने र पछि त्यही आधारमा कुरा गर्ने व्यवस्था गर्नुहोस् ।

■ विदेशी मुलुकमा हाम्रा दूतावासले बोलाएका कार्यक्रममा त्यो मुलुकको परराष्ट्र मन्त्रालयको नेपालले हेर्ने प्रमुख आए भने त्यो ठूलो हुन्छ । हाम्रोमा त कुनै तह र तप्काले बोलाएको कार्यक्रममा प्रधानमन्त्रीदेखि सबै उपस्थित हुन्छन् । यस्ता विषयमा सक्नुहुन्छ भने राष्ट्रिय मापदण्ड बनाउनु होस्, जसले गर्दा कसैले अपमानित भएको महसुस नगरोस् र अनावश्यक उपस्थिति पनि नहोस् ।

■ शिष्टाचारमा विशेष ध्यान दिनुहोस् ।

सिक्न लाज नमान्नुहोस्

■ प्रधानमन्त्री वा मन्त्री हुनु भनेको आफैं सबै विषयको विज्ञ होइन भन्ने नबिर्सनु होस् । आफूलाई थाहा नभएका विषयमा मुढेबलले पेल्नेभन्दा विज्ञका भनाइ सुन्ने बानी बसाल्नुहोस् र विशेषज्ञताको कदर गर्ने संस्कार थालनी गर्नुहोस् ।

■ राज्य सञ्चालनका प्रक्रिया, पद्धति एवं व्यक्तिगत व्यवहार, बोलीचाली एवं शिष्टाचार पालनालगायतका विषयमा सामूहिक रूपमा प्रशिक्षण लिनुहोस् । जसले गर्दा हामीले हाम्रा नेताको व्यवहारबाट टाउको निहुऱ्याउनु नपरोस् ।

यी काम गरेर राष्ट्रलाई ठूलो गुन लगाउन सक्नुहुनेछ । त्यसो भएमा तपाईं त इतिहास पुरुष बन्नुहुनेछ । साथै यसले आगामी दिनमा मन्त्री वा प्रधानमन्त्री पाउन जे पनि गर्ने संस्कारको अन्त्य गर्न सक्नेछ ।

– विराज पोखरेल
थापाथली, काठमाडौं

उपभोक्ता अदालत

shrestha.sudeep@gmail.com

■ **सुदीप श्रेष्ठ**

सिन्डिकेटलाई सरकारी संरक्षण

यातायात सिन्डिकेटविरुद्ध उद्योग वाणिज्य महासंघले थालेको विरोधले ढिलै भए पनि सरकारी निकायहरूलाई तताएको छ । प्रधानमन्त्रीले सिन्डिकेट खारेजीका लागि सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । गृह मन्त्रालयले पनि आलोपालो प्रणालीका नाममा चल्दै आएको सबै किसिमको यातायात सिन्डिकेट खारेज गर्न जिल्ला प्रशासन कार्यालयहरूलाई आदेश दिइसकेको छ ।

त्यसो भए के अब सिन्डिकेट भनिने यातायात व्यवसायीहरूको गुटबन्दी र मिलोमतोबाट समग्र उपभोक्ता र निजी क्षेत्रले मुक्ति पाए त ?

कानुनले अवैध ठहऱ्याएको सिन्डिकेट प्रणालीले यति मजबुत जरो गाड्नुमा वास्तवमा सरकारी निकायहरूको निकम्मापन प्रमुख कारण हो । सिन्डिकेटलाई गैर-कानुनी भने पनि यातायात मन्त्रालयदेखि विभागसम्म सबै निकाय त्यसैसँग कुम जोडेर हिंड्ने गर्छन् । यातायात क्षेत्रका सानातिना विषय सल्टाउन होस् वा भाडा तोक्न, विभागले सधैं यातायात व्यवसायीको सिफारिसलाई प्राथमिकता दिंदै आएको छ । वैज्ञानिक आधारमा भाडा तोक्ने भनिन्छ तर व्यवहार उही सिफारिस हुबहु उतारिन्छ । जबसम्म हाम्रा सरकारी निकायको यो रवैया अन्त्य हुँदैन र खारेज भइसकेको भनिने सिन्डिकेटसँगै वार्तामा बस्ने प्रवृत्ति तोडिँदैन, तबसम्म उपभोक्ताले कहिल्यै यातायात क्षेत्रमा स्वच्छ प्रतिस्पर्धा महसुस गर्न पाउने छैनन् ।

सिन्डिकेट खारेजीका लागि विभिन्न सरकारी निकायबाट वक्तव्य र मन्तव्य आइरहेकाबेला यसलाई दुईवटा कोणबाट हेर्नुपर्छ । एउटा- व्यवसायी आफैंले सिन्डिकेट तोडे कि तोडेनन् ? अर्को-सरकारी निकायहरूले ती सिन्डिकेटलाई मान्यता दिन छोडे कि छोडेनन् ?

विगतको अनुभव हेर्दा व्यवसायी आफैंले सिन्डिकेट तोडेर प्रतिस्पर्धात्मक ढंगमा अघि बढ्न स्वीकार गर्नु निकै गाह्रो छ । महासंघको तीव्र विरोधका बावजूद पश्चिमी तथा सुदूर पश्चिमी क्षेत्रको ढुवानी सिन्डिकेट हटेको छैन । यात्रुवाहक बसमा पनि सिन्डिकेटको उत्तिकै जगजगी छ । केही यातायात व्यवसायी समितिले गाडीको शिशाबाट आफ्नो व्यानर हटाएका छन् तर व्यवहारमा यसको कार्यान्वयन जारी छ । काठमाडौं उपत्यकाभित्र गुड्ने माइक्रो बसमा समेत सिन्डिकेटका प्रशस्त उदाहरण छन् । चक्रपथमा गुड्ने माइक्रोबसले बजारभित्र छिर्न पाउँदैनन् । समितिमा दर्ता नभएका कुनै गाडीले यात्रु ओसारे त्यसलाई तोडफोड गर्ने र बीच बाटोमै यात्रु झार्ने काम हुन्छ ।

अब रह्यो सरकारी निकायले सिन्डिकेटलाई मान्यता दिन छोडे कि छोडेनन् भन्ने कुरा । यो पत्ता लगाउन निकै सजिलो छ । यातायात व्यवस्था कार्यालयले पहिलेजस्तै नयाँ गाडीलाई रूट अनुमति दिन सम्बन्धित यातायात व्यवसायी समितिको सिफारिस माग्छ कि माग्दैन ? यो प्रश्नको उत्तरले नै सिन्डिकेट खारेजीमा सरकारी निकायको प्रतिबद्धता झल्काउँछ । सरकारी अधिकारीहरू बाह्य दबाब थेग्न नसकेर देखाउनलाई भाषण छाँट्दै हिंड्ने तर रूट अनुमति दिनुअघि यातायात व्यवसायी समितिको सिफारिस खोज्ने हो भने उनीहरूको प्रतिबद्धताको यथार्थ धरातल स्पष्ट हुन्छ । निर्देशन दिएर र वक्तव्य जारी गरेरमात्र सिन्डिकेटको विरोधमा सरकारी निकायको प्रतिबद्धता स्पष्ट हुँदैन । यसलाई उनीहरू आफैंले व्यवहारमा कार्यान्वयन गरेर देखाउनुपर्छ ।

यातायात व्यवस्था कार्यालयले अब नयाँ गाडीलाई रूट अनुमति दिन व्यवसायी समितिको सिफारिस माग्छ कि माग्दैन ?

मकालु, अग्निजस्ता कम्पनीले लामो समयदेखि पोखरा, भैरहवालगायत पश्चिमी रूटमा पर्याप्त गाडी चलाउने इजाजत खोजिरहेका छन् । तर कानुनी रूपमा सिन्डिकेट खारेज भइसक्दा पनि सम्बन्धित निकायले नयाँ व्यवसायीको खुला प्रवेश सुनिश्चित गराएको छैन । कार्यालयले सम्बन्धित यातायात समितिको सिफारिस ल्याउने कम्पनी वा व्यवसायीलाई मात्र रूट इजाजत दिने गरेको छ । यो प्रवृत्ति कायम रहेसम्म सिन्डिकेट खारेज भयो भनेर कसरी भन्न सकिन्छ ?

सिन्डिकेट चलाउने यातायात व्यवसायीले भए पनि त्यसलाई मान्यता दिएर मलजल हाल्ने काम सम्बन्धित सरकारी निकायले गरिरहेका छन् ।

अहिलेको यो तीव्र विरोध र प्रधानमन्त्री स्तरबाट तुरुन्त खारेजीको निर्देशन आइसकेको सन्दर्भमा नयाँ व्यवसायी र चल्तीका यातायात कम्पनीले आफूले चाहेको रूटमा गाडी चलाउन कार्यालयसँग अनुमति मागेर उनीहरूको प्रतिबद्धता जाँच गर्नुपर्छ । उनीहरूले बिनाअवरोध इजाजत पाए र निर्बाध रूपमा यातायात सञ्चालनको वातावरण देखिएमात्र आमजनताले सिन्डिकेट वास्तवमै खारेज भएको महसुस गर्ने छन् । त्यतिखेर मात्र उपभोक्ताको छनौट अधिकार र निजी क्षेत्रको निर्बाध व्यवसाय सञ्चालन गर्न पाउने अधिकार सुनिश्चित भएको मानिनेछ । यसो नभएसम्म महासंघलगायत सबै तह र समूहबाट सिन्डिकेटको विरोधमा आवाज उठिरहनुपर्छ ।

पाठक मञ्च

धन्यवाद देवकोटा

डा. उपेन्द्र देवकोटाजी ! छोरी मेघाको अपहरणपछि तपाईंको परिवारले मानसिक एवं शारीरिक पीडा खेप्नुका साथै १ करोड ३० लाख फिरौती दिनुपरेको खबर पढ्दा दुःख लाग्यो । तपाईलाई परेको पीडाबापत शब्दले भएपनि सान्त्वना दिई धैर्यधारण गर्ने शक्तिको कामना गर्नु कर्तव्य ठानेको छु ।

राष्ट्रिय नीति, देशको सुरक्षा संयन्त्र र अनुशासन एवं दण्डहीनताले गर्दा आमनागरिक धेरै सताइएका छन् । थोरैमात्र यस्ता घटना बाहिर आउने गर्छन् । यो अवस्थाको मुक्तिका लागि आत्मादेखि ईश्वरलाई र राजनीतिक नेतृत्व, बौद्धिक जमात, योजनाकार र आम जनसमुदायमा समेत पहल र प्रयास गर्न विनम्र अनुरोध गर्छु । तपाईले पत्रकार सम्मेलनमा दिनुभएको जानकारीप्रति धन्यवाद दिन चाहन्छु । साथै अपहरणकारीलाई पनि यस्तो पीडादायी कार्यमा नलाग्ने सद्बुद्धि प्राप्तिको कामना गर्छु ।

– बद्री पोखेल
सुन्दरीजल काठमाडौं

तारागाउँले ऋण तिरेन

सर्वसाधारणसँग ऋण उठाई साँवाब्याज नतिरी केही सहकारी संस्थाका सञ्चालक फरार भएको समाचारले मेरो ध्यानाकर्षण गरेको छ । वार्षिक १८ प्रतिशत दरमा ७ वर्षपछि ऋणको साँवा र ब्याज एकमुष्ट भुक्तानी दिने तारागाउँ होटलको आकर्षक प्रस्तावमा म पनि फसें । आज ९ वर्ष बितिसक्दा पनि ऋणको साँवा र ब्याज पाउन सकिन ।

ऋणीकै हिसाबमा साँवा र ब्याजसमेत गरी बीस करोड रुपैयाँ नाघिसक्यो तैपनि तिर्ने नियत देखाएको छैन । निजी उद्योग व्यवसायीले बैंक तथा वित्तीय संस्थासँग लिएको ऋण समयमा नतिरेको भए सरकारका नियमनकारी निकाय चर्चामा आउन त्यस्ता व्यवसायीलाई कालोसूचीमा राख्थे । पासफोर्ट रोक्का गरिसक्थे । तारागाउँ विकास समितिका नाउँबाट सरकारको समेत ठूलो सेयर लगानी भएको छ । औपचारिकताका लागि ३।४ वर्षमा एकैपटक साधारणसभा बस्ने होटेलको काममा पारदर्शिता देखिएको छैन ।

– विनया अर्याल
काठमाडौं

नर्सहरूको पीडा

हामी नर्स दिनरात नभनी ड्युटीमा खटिन्छौं । बिरामीको सेवा गर्छौं । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा मुलुकभरबाट 'रिफर' गरिएका बिरामी आउँछन् । तिनका भरपर्दा साथी हामी हौं ।

हामीलाई लोकतन्त्र आएकै छैन । हामीले पनि ड्युटी छाडेर सडकमा नआई सरकारले सुन्लाजस्तो छैन । वर्षौंदेखि काम गरेका नर्स बढुवाको विषयलाई लिएर पटक-पटक विश्वविद्यालय धाउँदा पनि जिम्मेवार पदाधिकारीले नसुनेझैं गरेका छन् । कहिले हुन्छ हाम्रो बढुवा ?

– पीडित नर्सहरू
त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज

विदेश जानेलाई सुझाव

'खाडीमा ५० नेपाली युवती बिचल्लीमा' (२८ साउन) समाचार पढ्दा दुःख लाग्यो । विदेशमा भोग्नुपर्ने समस्याबारे विचार नगरी हुरुक्क भएर जान खोज्ने दिदीबहिनीसमक्ष मेरा सुझाव-

■ खाडीलाई मात्र होइन, हाम्रो मुलुकलाई पनि विकास खाँचो छ । त्यसैले रकम र रोजगारकै लोभमा सकभर विदेश नजाऔं ।

■ विदेश जानुअघि एकपटक आफूभन्दा पहिले त्यहाँ गएकाले भोगेका पीडाबारे सोचौं ।

■ विदेश जानैपर्दा कानुनी बाटो उपयोग गरौं । आफू जाने म्यानपावर कम्पनी, संघ-संस्था वा व्यक्तिको कानुनी हैसियतबारे बुझौं ।

■ हाम्रो देशले जान स्वीकृति नदिएको देशमा नजाऔं । त्यहाँ गएर गर्ने काम र रकमबारे पनि पूर्वजानकारी लिऔं ।

– नरेन्द्रबहादुर खाती
कुलदेवमाडौं- २ बाजुरा

असुरक्षित देश

आपसी भाइचारा र विश्वासलाई पैसाले तुवाइदिन्छ । पैसाको लोभले मानिसको विवेक, मानवता र अनुशासन लिलाम गराइदिन्छ । मान्छे परपीडन र विश्वासघातजस्ता घातक कदम उठाउन संकोच मान्दैनन् । मानिस मानिसबाट असुरक्षित बन्न पुग्ने एक प्रमुख कारण पैसा हो ।

हजारौंलाई जीवनदान दिएका चिकित्सक उपेन्द्र देवकोटाकी छोरीको जीवन पैसाकै कारणले समस्यामा पऱ्यो । अपहरणमा परेकी छोरीको फिरौतीस्वरूप देवकोटाले ठूलो रकम तिर्नुपऱ्यो । आज उनलाई यस्तो पऱ्यो, भोलि अरूलाई पर्न सक्छ । देशका महान हस्तीलाई चोट पर्दा कतै उनी असुरक्षित महसुस गरेर देसै छाड्ने त होइनन् भन्ने शंकाले हामीलाई पिरोलेको छ । देवकोटाजस्ता व्यक्ति स्वदेशमै रहने वातावरण तयार पारौं ।

– प्रकाश भट्टराई
गैडाकोट- १, नवलपरासी

मेरा सुझाव

कान्तिपुरले हाम्रो मौलिक संस्कृति जर्गेना गर्न उत्प्रेरित गर्ने लेख तथा समाचार छाप्ने अभियान चलाउनुपर्छ । सबैले आ-आफ्नो संस्कृति संरक्षणमा ध्यान दिए कसो होला ? अनि सबैको मन बिसाउने चौतारी बनोस् यो पत्रिका ।

– नेपाली शिक्षक
काठमाडौं डोन बस्को उच्च मावि
नयाँ बानेश्वर, काठमाडौं

मकैको च्याँख्ला

'भाँडाकुँडा बेचेर चामल' (२८, साउन) पढ्दा असाध्यै दुःख लाग्यो । चामलकै खोजी किन भइरहेको छ ? नेपालमा मकै र कोदो पनि त्यत्तिकै उत्पादन हुन्छ । महँगो चामल भोकमरी लागेका ठाउँमा थोरै उपलब्ध गराउनुभन्दा मकैलाई च्याँख्लाको रूपमा प्रशोधन गरेर बोरामा प्याक गरी पुऱ्याए राम्रो हुनेछ । यसो हुँदा कृषकलाई पनि फाइदा पुग्नेछ ।

– भरत खतिवडा,
कल्लेरी- ७, धादिङ

मिस डाबर नेपाल

डाबर नेपालको प्रायोजनमा हुने मिस नेपाल प्रतियोगिता विवादमा मुछिएको छ । यही सन्दर्भमा एउटा रोचक र शिक्षाप्रद प्रसंग राख्न चाहन्छु । १९५० मा अमेरिकी टेलीभीजन एनबीसीले हाजीरी जवाफ प्रतीयोगिता प्रसारण गर्न थाल्यो । कार्यक्रम लोकप्रिय हुँदै गयो । पुरस्कार रकम पनि त्यो समयको ६४ हजार डलर, हालको करिब आठ दस करोड रुपैयाँजति हुन्थ्यो । कार्यक्रममा धेरै विद्वानले भाग लिन्थे । केही समयपछि दर्शकले कार्यक्रमको वास्तविक रूप थाहा पाए । के रहेछ भने प्रतियागितामा सोधिने प्रश्न प्रतियोगीलाई पहिल्यै गोप्यरूपमा बाडिँदो रहेछ । कुन प्रतियोगितामा कसले हार्छ या जित्छ भन्ने पहिल्यै निर्णय गरिँदो रहेछ ।

एउटा शोमा प्रायोजकले लगातार तीनपटक जिताएर चारौंपटकमा हराउने र नयाँ व्यक्तिलाई जिताउने योजना बनाएका रहेछन् । हुन के गएछ भने तीनपटक लगातार जित्नेलाई गलत जवाफ दिन भनिएको प्रश्न हरेक दर्शकलाई थाहा भएको अत्यन्तै सजिलो परेछ । त्यसपछि अमेरिकी संसद्लाई शंका लागेछ र एउटा विशेष संसदीय कमिटी गठन गरेर अनुसन्धान सुरु गरिएछ । अनुसन्धान गर्ने सिलसिलामा कार्यक्रम आयोजकले सांसद भवनमा कमिटीलाई दिएको बयान सान्दर्भिक छ । सारांशमा बयान यस्तो छ- 'यो मनोरन्जनमूलक टेलिभिजन कार्यक्रम हो । यसबाट प्रायोजकलाई विज्ञापनबाट आर्थिक फाइदा हुन्छ । आयोजकलाई नयाँ र राम्रा कार्यक्रम बनाउन आम्दानी हुन्छ । टेलिभिजनका कर्मचारीले राम्रो तलब पाउँछन् । व्यक्तित्व, कलाकारिता र प्रस्तुतिमा निखार आउँछ । देशमा आर्थिक क्रियाकलाप बड्छ र थोरै भए पनि नयाँ रोजगार सिर्जना हुन्छ । प्रतियोगीहरू मोटो दाम र नाम पाउँछन् । र दर्शकले दिनभरको थकानबाट मुक्त हुने मनोरन्जन । यहाँ कसैलाई कुनै घाटा छैन । अनि विरोधको कुनै अर्थ छ र ?

मिस नेपाल प्रतियोगिता पनि एउटा शो बिजिनेस हो । यहाँ कसैलाई केही घाटा छैन । मेचीदेखि कालीसम्मका सबै नारीले भाग लिन पाउँछन् । जहाँसम्म उत्ताउलोपनाको सन्दर्भ छ त्यसमा विरोध गर्नेले पहिला गुन्यूँ-चोली लगाउन थाल्नुपऱ्यो । हजुरबाको पालामा कुर्ता र प्यान्ट पनि उत्ताउलो मानिन्थ्यो । मान्यजनका सामु धोतीले मुख छोपेर उभिनुपर्थ्यो । तर अहिले शिक्षित र सभ्य परिवारमा छोरी-बुहारी सासू-ससुरासँगै बसेर टीभी हेर्ने गर्छन् । सजिलोका लागि कुर्ता र प्यान्ट लगाउँछन् । महिला मन्त्रीसमेत जिन्स लगाएर सफथ ग्रहण गर्न थाली सके । विरोध गर्नेले सके बुर्का लगाउँदा झन् राम्रो हुन्छ । जहाँसम्म अर्ध नग्नताको प्रश्न छ, त्यो त मानव जाति धेरै पहिले बसेर काम गर्न सुरक्षित होस् भनेर रूखको